नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## सिंहदरवार, काठमाडौं
### (स्रोत परिचालन समन्वय शाखा)

प.सं. ०७५/७६
च.नं. ३०

मिति : २०७५।८।२०

**बिषय : समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधी, २०७५ सम्बन्धमा ।**

श्री महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका (सबै २९३)
श्री गाउँपालिकाहरु (सबै ४६०)

प्रस्तुत विषयमा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको च.नं.७८६ मिति २०७५।८।१४ को पत्र मार्फत प्राप्त नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५।७।२९ मा स्वीकृत समपुरक अनुदान सम्बन्धी कार्यविधी, २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधी, २०७५ ताहाँको जानकारी एवं आवश्यक कार्यार्थ यसैसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

**रुद्रलाल भुसाल**
**शाखा अधिकृत**

**वोधार्थ**
**श्री सुचना तथा प्रविधी शाखा : उक्त कार्यविधीहरु Website मा Upload गरी दिनु हुन ।**

# विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५

**प्रस्तावना:** प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने आयोजना /कार्यक्रमका लागि विशेष अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले,

अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन , २०७४ को दफा ११ को उपदफा (३) बमोजिम नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम "विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "ऐन" भन्नाले अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन , २०७४ सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची–४ बमोजिमका प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विशेष अनुदान" भन्नाले ऐनको दफा ११ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ङ) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षति साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्ना ले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ५ बमोजिमको आयोजना /कार्यक्रम छनौट समिति सम्झनु पर्छ।

३. **विशेष अनुदान प्रदान गरिने क्षेत्र र आधार**: (१) नेपाल सरकारले प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने देहायका कुनै आयोजना /कार्यक्रमका लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ:––

(क) न्यून साक्षरता भएका क्षेत्रको शैक्षिक विकासको लागि सो क्षेत्रमा सञ्चालन गरिने विशेष शैक्षिक आयोजना/कार्यक्रम,

(ख) बाल मृत्युदर तथा मातृ मृत्युदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विशेष आयोजना/कार्यक्रम,

(ग) दुर्गम तथा आर्थिक रूपले पिछडिएको क्षेत्रलाई लक्षित गरी सञ्चालन गरिने खानेपानी आपूर्ति सम्बन्धी आयोजना/कार्यक्रम,

(घ) अल्पसंख्यक, सिमान्तकृत वर्ग एवं दुर्गम तथा पिछडिएको क्षेत्र वा आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा

समुदायको उत्थान वा विकासको लागि लक्षित गरी सञ्चालन गरिने कुनै आयोजना/कार्यक्रम,

(ङ) प्रदेश वा स्थानीय तहबीच भौतिक तथा मानवीय विकासको दृष्टिले सन्तुलन कायम गर्न सञ्चालन गरिने आयोजना/कार्यक्रम,

(च) खाद्यान्नको उत्पादनमा न्यूनता भएका क्षेत्रमा खाद्य सुरक्षा सुनिश्चितता गर्ने आयोजना/कार्यक्रम,

(छ) आधुनिक प्रविधिको उपयोग गरी फोहोरमैला व्यवस्थापन गर्ने आयोजना/कार्यक्रम,

(२) नेपाल सरकारले प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने उपदफा (१) बमोजिमका आयोजना /कार्यक्रमको लागि देहायका कुराहरू विचार गरी सोको आधारमा विशेष अनुदान प्रदान गर्न सक्नेछः—

(क) नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवं समानीकरण , सशर्त र समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना /कार्यक्रमसँग दोहोरो परे/नपरेको,

(ख) आयोजना /कार्यक्रमको संभाव्यता , लागत अनुमान , आयोजना कार्यान्वयन पश्चात् प्राप्त हुने उपलब्धी, प्रतिफल वा लाभ को अवस्था,

(ग) आयोजना /कार्यक्रम सञ्चालन गर्ने प्रदेश वा स्थानीय तहको सामाजिक-आर्थिक अवस्था, स्रोत परिचालन गर्न सक्ने भौतिक तथा वित्तीय क्षमता,

(घ) आयोजना/कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता तथा प्राथमिकता,

(ङ) कुनै विपद् वा मानवीय कारणबाट राज्यले कुनै क्षेत्रमा पुनर्स्थापना, पुनर्निर्माण वा नवनिर्माण गर्नुपर्ने भएमा सो कुरा,

(च) मन्त्रालयले आवश्यक ठानेका अन्य उपयुक्त आधार ।

४. <u>विशेष अनुदान माग गर्नेः</u> (१) प्रदेश वा स्थानीय तहले विशेष अनुदानमा आयोजना/कार्यक्रम सञ्चालन गर्न अनुदान माग गर्दा अनुसूची–१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना /कार्यक्रमको प्रस्ताव तयार गर्दा हाल सञ्चालनमा रहेका आयोजना /कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र मन्त्रालयसमक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

तर आर्थिक बर्ष २०७५।७६ को हकमा मंसिर मसान्तभित्र प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश गरिने प्रस्तावमा देहायका विषयहरु स्पष्ट रूपमा खुलाउनु पर्नेछः-

(क) आयोजना/कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता र प्राथमिकता को पुष्ट्याँई.

(ख) आयोजना /कार्यक्रमको संभाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन,

(ग) आयोजना/कार्यक्रमको कुल लागत,

(घ) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपना,

(ङ) आयोजना/कार्यक्रम सञ्चालन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(च) आयोजना/कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(छ) आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ज) आयोजना/कार्यक्रम सम्पन्न भएपछि श्रोत परिचालनमा पुग्न सक्ने योगदान,

(झ) आयोजना/कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(ञ) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना/कार्यक्रम भएमा प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(ट) समय समयमा नेपाल सरकारले तोकेका अन्य विवरण ।

५. **आयोजना/कार्यक्रम छनौट समिति**: (१) दफा ४ बमोजिम विशेष अनुदानबाट योजना सञ्चालन गर्न प्रस्ताव भई आएमा त्यस्ता आयोजना /कार्यक्रमको सम्बन्धमा आवश्यक छानबिन गरी सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको योजना छनौट समिति रहनेछः–

| | |
|---|---|
| (क) सचिव, अर्थ मन्त्रालय | –संयोजक |
| (ख) सहसचिव, सम्बन्धित महाशाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | –सदस्य |
| (ग) सहसचिव, नेपाल सरकारका विषयगत मन्त्रालय | –सदस्य |
| (घ) सहसचिव, राष्ट्रिय योजना आयोग | –सदस्य |
| (ङ) सहसचिव , बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय | –सदस्य सचिव |

(२) समितिले आयोजना/कार्यक्रम छनौट गर्दा दफा ३ मा उल्लिखित आधारमा छनौट गर्नु पर्नेछ ।

(३) समितिले आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना /कार्यक्रम चालु आर्थिक वर्षको फागुन मसान्तभित्र छनौट गर्नु पर्नेछ।

तर आर्थिक वर्ष २०७५।७६ को हकमा चालु आर्थिक वर्षको पौष मसान्तभित्र आयोजना/कार्यक्रम छनौट गरिसक्नु पर्नेछ।

६. **नेपाल सरकारले विशेष अनुदान प्रदान गर्ने**: (१) नेपाल सरकारले समितिले छनौट गरेको आयोजना/कार्यक्रम सञ्चालनको लागि त्यस्तो आयोजना /कार्यक्रमको कुल लागत , आयोजना/कार्यक्रमको प्रकृति , आयोजना /कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता ,

प्राथमिकता, आयोजना/कार्यक्रम कार्यान्वयनबाट हुनसक्ने उपलब्धी , आयोजना/कार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले प्रदेश वा स्थानीय तहमा विशेष अनुदान प्रदान गर्दा विशेष अनुदानको लागि विनियोजित वार्षिक बजेट सीमाभित्र रही विशेष अनुदान प्रदान गर्नु पर्नेछ।

७. **विशेष अनुदान प्रदान नगरिने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले देहायका विषय वा प्रकृतिका आयोजना /कार्यक्रमका लागि प्रदेश वा स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्ने छैनः–

(क) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी,

(ख) कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना/कार्यक्रम,

(ग) वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिका आयोजना/कार्यक्रम,

(घ) प्रदेशको हकमा दश करोड रूपैयाँ र स्थानीय तहको हकमा पचास लाख रुपैयाँभन्दा कम कुल लागत भएका आयोजना/कार्यक्रम।

८. **अनुदान रकम निकासा तथा खर्च प्रकृया :** (१) प्रदेश वा स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना /कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

(२) विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना/कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(३) प्रदेश वा स्थानीय तहले प्राप्त गर्ने विशेष अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

(४) प्रदेश वा स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैङ्किग प्रणाली मार्फत गर्नु पर्नेछ ।

(५) विशेष अनुदान बाट भएको खर्च को प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश वा स्थानीय तहको हुनेछ।

९. **तोकिएको अवधिभित्र आयोजना/कार्यक्रम सम्पन्न गर्नु पर्ने:** प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट सञ्चालित आयोजना /कार्यक्रम दफा ४ बमोजिमको प्रस्तावमा तोकिएको अवधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र आयोजना /कार्यक्रम सम्पन्न नभएमा बाँकी कार्यको लागि थप अनुदान रकम निकासा दिइने छैन।

१०. **मन्त्रालयले निर्देशन दिन सक्ने:** विशेष अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन नभएमा , काममा आवश्यक गुणस्तर नदेखिएमा , समयमा कार्य सम्पन्न नहुने देखिएमा वा कुनै कारणले आयोजना/कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नुपर्ने

देखिएमा मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेश वा स्थानीय तहको कर्तव्य हुनेछ।

११. **अनुगमन तथा प्रतिवेदनः** (१) विशेष अनुदानबाट सञ्चालन हुने आयोजना /कार्यक्रम प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी सञ्चालन भए नभएको सम्बन्धमा सम्बन्धित प्रदेश वा स्थानीय तहले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहले आयोजना /कार्यक्रमको अनुगमन गरेपछि सोको प्रतिवेदन प्रदेशको हकमा मन्त्रालय , नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय तथा स्थानीय तहको हकमा मन्त्रालय , नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समिति समक्ष समेत पेश गर्नु पर्नेछ।

(३) प्रदेश वा स्थानीय तहले आफ्नो क्षेत्रभित्र विशेष अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय र नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय समक्ष अनुसूची–२ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(४) प्रदेश वा स्थानीय तहले आयोजना/कार्यक्रम सञ्चालन गर्दा कामको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

१२. **अनुदान कट्टा तथा रोक्का गरिने**: (१) विशेष अनुदानबाट सञ्चालनमा रहेका आयोजना/कार्यक्रममा लक्षित उद्देश्य अनुरुप कार्य प्रगति हुन नसकेमा वा मन्त्रालयले दफा १० बमोजिम दिएको निर्देशन पालना नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरुप नभएको पाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा नेपाल सरकारले त्यस्तो आयोजना/कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराएको अनुदान रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने विशेष अनुदान रकमबाट कट्टा गर्न वा रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहले मन्त्रालयले माग गरेको अवधिभित्र दफा ११ बमोजिम अनुगमन तथा प्रगति प्रतिवेदन पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति व्यक्त गरेमा त्यसरी रोक्का राखेको रकम मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ।

१३. **आयोजना/कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारीः** विशेष अनुदानबाट सम्पन्न भएका आयोजना/कार्यक्रमको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ र त्यस्तो आयोजना /कार्यक्रमको सञ्चालनको लागि नेपाल सरकारले कुनै दायित्व वहन गर्ने छैन।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**विशेष अनुदानको लागि आयोजना/कार्यक्रम पेश गर्ने प्रस्तावको ढाँचा**

(१) आयोजना /कार्यक्रम पेश गर्ने प्रदेश वा स्थानीय तहको नाम:

(२) ठेगाना:

(३) फोन/फ्याक्स/इमेल:

(४) आयोजना /कार्यक्रमको नाम:

(५) आयोजना /कार्यक्रमको कुल लागत रु:

(६) आयोजना /कार्यक्रमबाट लाभान्वित सम्भाव्य जनसंख्या:

(७) आयोजना /कार्यक्रमको सम्पन्न गर्न लाग्ने समय:

**संलग्न आवश्यक कागजातहरु (दफा ४ बमोजिमका**

(क) आयोजना/कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन,

(ख) आयोजना/कार्यक्रमको ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(ग) प्रदेश वा स्थानीय तहले विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी,

(घ) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण,

(ङ) आयोजना/कार्यक्रमको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(च) मन्त्रालयले तोकेका अन्य विवरण एवं कागजातहरु,

सचिव/ प्रमुख प्रशासकीय अधिकृतको,–

दस्तखत:

पद:

मिति:

## अनुसूची–२

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

**प्रगति प्रतिवेदनको ढाँचा**

आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश वा स्थानीय तहको नाम:

ठेगाना:

सम्पर्क नं:

| क्र सं | आयोजना/कार्यक्रम को नाम | आयोजना/कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | ........अवधिको लक्ष |  | ........अवधि को प्रगति |  | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  | भौतक | वित्तीय | भौतिक | वित्तीय |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |

तयार गर्ने　　　　　　　　प्रमाणित गर्ने

२०७५।०७।२९ को मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत

नेपाल सरकार
अर्थ मन्त्रालय

# समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः** प्रदेश वा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी आयोजना /कार्यक्रम कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले,

अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन , २०७४ को दफा १० को उपदफा (५) बमोजिम नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "ऐन" भन्नाले अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची–४ बमोजिमका प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(ङ) "समपूरक अनुदान" भन्नाले ऐनको दफा १० बमोजिमको समपूरक अनुदान सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ५ बमोजिमको आयोजना /कार्यक्रम छनौट समिति सम्झनु पर्छ।

३. **समपूरक अनुदान प्रदान गरिने क्षेत्रः** नेपाल सरकारले प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गरिने देहायका भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना /कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछः–

(क) स्थानीय, ग्रामीण वा कृषि सडक, जल मार्ग, सहरी सडक वा प्रदेश लोकमार्गसँग सम्बन्धित सडक आयोजना/कार्यक्रम,

(ख) नवीनतम प्रविधिको प्रयोग गरी प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गरिने सिंचाई आयोजना/कार्यक्रम,

(ग) विद्युत सेवाबाट वञ्चित रहेका तथा राष्ट्रिय प्रसारण लाइनको पहुँच नभएको क्षेत्रमा विद्युत सेवा उपलब्ध गराउने उद्देश्यले प्रदेश वा स्थानीय तहबाट कार्यान्वन हुने विद्युत उत्पादन तथा प्रसारण आयोजना/कार्यक्रम,

(घ) मझौला तथा ठूला पुल निर्माण सम्बन्धी आयोजना /कार्यक्रम,

(ङ) खानेपानी आयोजना /कार्यक्रम,

(च) प्रदेश विश्व विद्यालय , विद्यालय भवन निर्माण जस्ता शैक्षिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

(छ) स्वास्थ्य चौकी , अस्पताल तथा सोसँग सम्बन्धित आवश्यक पूर्वाधार निर्माण आयोजना/कार्यक्रम,

(ज) ग्रामीण क्षेत्रमा एकीकृत वस्ती विकासका लागि कार्यान्वयन गरिने नमूना आवास आयोजना/कार्यक्रम,

(झ) कृषि उपजको भण्डारण गृह तथा शित गृहहरु,

(ञ) स्थानीय तहबाट निर्माणहुने तह र वडा कार्यालय रहने भवनहरु,

(ट) सौर्य , वायु लगायतका वैकल्पिक उर्जा उत्पादन संग सम्वन्धित आयोजना/कार्यक्रम,

(ठ) नविन प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने आयोजना/कार्यक्रम,

(ड) वन तथा वातावरण संरक्षण सम्वन्धी आयोजना/कार्यक्रम ।

४. <u>समपूरक अनुदान माग गर्नेः</u> (१) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान माग गर्दा प्रदेश वा स्थानीय तह आफैले वा निजी क्षेत्रसँगको साझेदारीमा आयोजना /कार्यक्रम कार्यान्वयन गर्ने हो सो कुराको यकिन गरी अनुदान माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान माग गर्दा नेपाल सरकार वा प्रदेश वा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना /कार्यक्रम र हाल सञ्चालनमा रहेका आयोजना/कार्यक्रम सँग दोहोरो नपर्ने गरी प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र अनुसूची –१ बमोजिमको ढाँचामा मन्त्रालयसमक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

तर आर्थिक बर्ष २०७५।७६ को हकमा मंसिर मसान्तभित्र प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश गरिने प्रस्तावमा देहायका विषयहरु स्पष्ट रूपमा खुलाउनु पर्नेछः-

(क) आयोजना /कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकता को पुष्ट्याँई,

(ख) आयोजना/कार्यक्रमको संभाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन,

(ग) आयोजना /कार्यक्रमको कुल लागत,

(घ) यो आयोजना /कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा दिगोपना,

(ङ) आयोजना /कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(च) आयोजना/कार्यक्रमको ड्रइङ , डिजाइन , स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(छ) आयोजना /कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ज) आयोजना /कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङकन प्रतिवेदन,

(झ) आयोजना/कार्यक्रम सम्पन्न भएपछि श्रोत परिचालनमा पुग्न सक्ने योगदान,

(ञ) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना/कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(ट आयोजना /कार्यक्रमको कुल लागतमध्ये नेपाल सरकार र प्रदेश वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण,

(ठ) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना /कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा,

(ड) समय समयमा नेपाल सरकारले तोकेका अन्य विवरण।

(४) उपदफा (१) बमोजिम समपूरक अनुदान माग गर्दा आयोजना /कार्यक्रमको कुल लागत रकममध्ये प्रदेश वा स्थानीयतहले व्यहोर्ने अंश बाहेक अन्य स्रोतबाट जुटाउने लगानी रकमको स्रोत सुनिश्चित हुने आधार समेत पेश गर्नु पर्नेछ।

५. **<u>आयोजना/कार्यक्रम छनौट समिति</u>** : (१) दफा ४ बमोजिम समपूरक अनुदानबाट आयोजना/कार्यक्रम कार्यान्वयन गर्न प्रस्ताव भई आएमा त्यस्ता आयोजना /कार्यक्रमको सम्बन्धमा आवश्यक छानबिन गरी सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको आयोजना/कार्यक्रम छनौट समिति रहनेछः–

(क) सचिव, अर्थ मन्त्रालय –संयोजक

(ख) सहसचिव, सम्बन्धित महाशाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय –सदस्य

(ग) सहसचिव, नेपाल सरकारका विषयगत मन्त्रालय –सदस्य

(घ) सहसचिव, राष्ट्रिय योजना आयोग –सदस्य

(ङ) सहसचिव , बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय –सदस्य सचिव

(२) समितिले देहायको आधारमा योजना छनौट गर्नु पर्नेछः—

(क) आयोजना /कार्यक्रमको सम्भाव्यता , कुल लागत अनुमान , योजना कार्यान्वयन पश्चात् प्राप्त हुने उपलब्धी, प्रतिफल वा लाभ,

(ख) आयोजना /कार्यक्रम कार्यान्वयनका लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता,

(ग) आयोजना /कार्यक्रम नेपाल सरकारको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित भएको,

(घ) प्रदेश वा स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित भएको,

(ङ) जनताको आयस्तर वृद्धि गरी गरिवी निवारणमा योगदान पुग्ने,

(च) रोजगारी वृद्धि गर्ने ,

(छ) निजी क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन गरिने भए त्यस्तो सहकार्य दिगो र भरपर्दो देखिएको,

(ज) प्रदेश वा स्थानीय तहको योगदानको हिस्सा धेरै भएको ,

(झ) स्थानीय सीप ,साधन र श्रोतको अधिकतम उपयोग हुने ।

(३) समितिले आयोजना /कार्यक्रम छनौट गर्दा उपदफा (२) मा उल्लेख गरिएको अतिरिक्त सम्बन्धित प्रदेश वा स्थानीय तहको जनसंख्या , क्षेत्रफल, मानव विकास सूचकाङ्क र सो क्षेत्रको पूर्वाधार विकासको अवस्था समेतको आधारमा आयोजना /कार्यक्रम छनौट गर्नु पर्नेछ।

(४) समितिले आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना /कार्यक्रम चालु आर्थिक वर्षको फागुन मसान्तभित्र छनौट गर्नु पर्नेछ।

तर आर्थिक वर्ष २०७५।७६ को हकमा चालु आर्थिक वर्षको पौष मसान्तभित्र आयोजना/कार्यक्रम छनौट गरिसक्नु पर्नेछ।

६. **<u>नेपाल सरकारले समपूरक अनुदान प्रदान गर्ने:</u>** (१) नेपाल सरकारले समितिले छनौट गरेको आयोजना/कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजना /कार्यक्रमको कुल लागत , आयोजना/कार्यक्रमको प्रकृति, आयोजना/कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, आयोजना/कार्यक्रम कार्यान्वयनबाट हुनसक्ने उपलब्धी , आयोजना /कार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम चालिस प्रतिशत प्रतिशतसम्म रकम समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी क्षेत्रसँगको साझेदारीमा पूर्वाधार विकास सम्बन्धी कुनै आयोजना /कार्यक्रम कार्यान्वयन गरिने रहेछ भने त्यस्तो आयोजना/कार्यक्रमको कुल लागतमध्ये प्रदेश वा स्थानीय तह र निजी क्षेत्रले व्यहोर्ने रकम बाहेक अपुग रकम नेपाल सरकारले समपूरक अनुदानको रुपमा सम्बन्धित प्रदेश वा स्थानीय तहलाई प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले प्रदेश वा स्थानीय तहमा समपूरक अनुदान प्रदान गर्दा समपूरक अनुदानको लागि विनियोजित वार्षिक बजेट सीमाभित्र रही समपूरक अनुदान प्रदान गर्नु पर्नेछ।

(४) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना /कार्यक्रमको लागि नेपाल सरकारले अनुदान दिँदा सम्वन्धित प्रदेश र स्थानीय तहबाट उक्त आयोजना/कार्यक्रममा भएको खर्चको सोधभर्नाको रुपमा उपलब्ध गराउनेछ।

(५) समपूरक अनुदानबाट कार्यान्वयनमा रहेका आयोजना /कार्यक्रमको कार्यसम्पन्न भएपछि सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यसम्पन्न प्रतिवेदन सहित अन्तिम किस्ता निकासाको लागि मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

७. **समपूरक अनुदान प्रदान नगरिने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले देहायका विषय वा प्रकृतिका आयोजना /कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्ने छैन:–

(क) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी,

(ख) कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना/कार्यक्रम,

(ग) वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिका आयोजना/कार्यक्रम,

(घ) प्रदेशको हकमा दश करोड रूपैयाँ र स्थानीय तहको हकमा एक करोड रुपैयाँभन्दा कम कुल लागत भएका आयोजना/कार्यक्रम।

८. **मध्यकालीन खर्च संरचनामा समावेश गर्नु पर्ने:** प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमलाई ऐनको दफा १७ बमोजिम तयार गर्नु पर्ने मध्यकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेछ। तर आ.व. २०७५।७६ मा संचालन हुने आयोजना/कार्यक्रम समावेश गर्नुपर्ने छैन ।

९. **अनुदान रकम खर्च गर्ने प्रकृया:** (१) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना/कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना /कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

(२) समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना/कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(३) प्रदेश वा स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

(४) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैङ्किग प्रणाली मार्फत गर्नु पर्नेछ ।

(५) समपूरक अनुदान बाट भएको खर्च को प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश वा स्थानीय तहको हुनेछ।

१०. **तोकिएको अवधिभित्र आयोजना /कार्यक्रम कार्यान्वयन गर्नु पर्ने :** प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना /कार्यक्रम दफा ४ बमोजिमको प्रस्तावमा तोकिएको अवधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र आयोजना /कार्यक्रम सम्पन्न नभएमा बाँकी कार्यको लागि थप अनुदान रकम निकासा दिइने छैन।

११. **मन्त्रालयले निर्देशन दिन सक्ने:** (१) समपूरक अनुदानबाट सञ्चालित आयोजना /कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन नभएमा, काममा आवश्यक गुणस्तर नदेखिएमा, समयमा कार्य सम्पन्न नहुने देखिएमा वा कुनै कारणले आयोजना/कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नुपर्ने देखिएमा मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) कुनै पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रमको काम सम्पन्न भएको तर त्रुटि सच्याउने अवधि (डिफेक्ट लायबिलिटि पिरियड) वा निश्चत अवधि पूरा नहुँदै कामको गुणस्तरमा ह्रास आएको पाइएमा मन्त्रालयले सोको छानबिन गरी सम्बन्धित पक्षलाई आवश्यक मर्मत संभार वा सुधारका लागि निर्देशन दिन सक्नेछ ।

(३) मन्त्रालयले उपदफा (१) र (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेश वा स्थानीय तहको कर्तव्य हुनेछ ।

१२. **अनुगमन तथा प्रतिवेदनः** (१) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना /कार्यक्रम प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित प्रदेश वा स्थानीय तहले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहले आयोजना /कार्यक्रमको अनुगमन गरेपछि सोको प्रतिवेदन प्रदेशको हकमा मन्त्रालय , नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय तथा स्थानीय तहको हकमा मन्त्रालय , नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समिति समक्ष समेत पेश गर्नु पर्नेछ।

(३) प्रदेश वा स्थानीय तहले आफ्नो क्षेत्रभित्र समपूरक अनुदानबाट कार्यान्वयन गरिएको आयोजना/कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय र नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(४) प्रदेश वा स्थानीय तहले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा कामको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

१३. **अनुदान कट्टा वा रोक्का गर्न सकिने** : (१) समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना/कार्यक्रममा लक्षित उद्देश्य अनुरुप कार्य प्रगति हुन नसकेमा वा मन्त्रालयले दफा ११ बमोजिम दिएको निर्देशन पालना नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरुप नभएको पाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा नेपाल सरकारले त्यस्तो योजना सञ्चालनको लागि उपलब्ध गराएको अनुदान रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने समपूरक अनुदान रकमबाट कट्टा गर्न वा रकम रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहले मन्त्रालयले माग गरेको अवधिभित्र दफा १२ बमोजिम अनुगमन तथा प्रगति प्रतिवेदन पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति व्यक्त गरेमा त्यसरी रोक्का राखेको रकम मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ।

१४. **आयोजना/कार्यक्रमको सञ्चालन गर्ने जिम्मेवारी** : समपूरक अनुदानबाट सम्पन्न भएका आयोजना/कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ र त्यस्तो आयोजना/कार्यक्रमको सञ्चालनको लागि नेपाल सरकारले कुनै दायित्व वहन गर्ने छैन।

अनुसूची-१
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**समपूरक अनुदान प्रस्ताव गर्ने फारम**

(१) अनुदान माग गर्ने प्रदेश वा स्थानीय तहको नाम:

(२) ठेगाना:

(३) सम्पर्क फोन/फ्याक्स/इमेल:

(४) आयोजना /कार्यक्रमको नाम:

(५) आयोजना/कार्यक्रम कायान्र्वयन गर्ने स्थान:

(६) आयोजना /कार्यक्रमको अनुमानित कुल लागत:

(७) आयोजना /कार्यक्रमबाट लाभान्वित हुने सम्भावित जनसंख्या:

(८) आयोजना /कार्यक्रम सम्पन्न गर्न लाग्ने अनुमानित समय:

(९) आयोजना /कार्यक्रमको कुल लागतमा प्रदेश वा स्थानीय तहको लगानीको हिस्सा वा रकम:

(१०) आयोजना/कार्यक्रम कायन्र्वयनमा निजी क्षेत्र, सहकारी तथा अन्य गैर सरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात वा हिस्सा रकम:

(११) नेपाल सरकारले समपूरक अनुदान मार्फत व्यहोर्ने प्रस्तावित रकम:

(१२) **संलग्न आवश्यक कागजातहरु**—

(क) आयोजना /कार्यक्रमको संभाव्यता अध्ययन (फिजिबिलिटि स्टडी) प्रतिवेदन,

(ख) आयोजना /कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(ग) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि,

(घ) आयोजना /कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण,

(ङ) प्रचलित कानून बमोजिम आयोजना /कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(च) मन्त्रालयले तोकेका अन्य विवरण कागजातहरु ।

सचिव / प्रमुख प्रशासकीय अधिकृतको,—

दस्तखत:

पद:

मिति:

नेपाल सरकार
अर्थ मन्त्रालय

अनुसूची–२

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

<u>प्रगति प्रतिवेदनको ढाँचा</u>

आयोजना/कार्यक्रम सञ्चालन गर्ने प्रदेश वा स्थानीय तहको नाम:

ठेगाना:

सम्पर्क नं:

| क्र सं | योजना तथा कार्यक्रमको नाम | आयोजना/कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | ........अवधिको लक्ष | | ........अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्ने          प्रमाणित गर्ने

२०७५।०७।२९ को मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत